# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, असोज ३ गते २०४० साल (संख्या २३


श्री ५ को सरकार

### उद्योग मन्त्रालयको

### सूचना

नेपाल गुणस्तर (प्रमाण-चिन्ह) नियमावली, २०४०

नेपाल गुणस्तर (प्रमाण-चिह्न) ऐन, २०३७ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल गुणस्तर (प्रमाण-चिह्न) नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा, –

(क) "ऐन" भन्नाले नेपाल गुणस्तर (प्रमाण-चिह्न) ऐन, २०३७ सम्झनुपर्छ ।

(ख) "परिषद्" भन्नाले नेपाल गुणस्तर परिषद् सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले नेपाल गुणस्तर कार्यालय सम्झनुपर्छ ।

(घ) "दरखास्तवाला" भन्नाले नियम ७ बमोजिम इजाजतपत्र वा प्रमाणपत्रको लागि कार्यालयमा दरखास्त दिने व्यक्ति सम्झनुपर्छ ।

(ङ) "इजाजतपत्रवाला" भन्नाले नियम ९ बमोजिम इजाजतपत्र वा प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. परिषद्को बैठक र कार्यविधिः (१) परिषद्को बैठक अध्यक्षले तोकेको स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ ।

(२) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले छानेको व्यक्तिले गर्नेछ ।

(४) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) परिषद्को बैठक बस्ने कम्तिमा तीन दिनअगाडि सदस्य-सचिवले छलफलको विषय सहितको सूचना सम्बन्धित सदस्यहरूलाई दिनु पर्नेछ ।

(७) परिषद्ले आवश्यक देखेमा विशेषज्ञ वा अन्य कुनै व्यक्तिलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) परिषद्का सदस्यहरूलाई र उप-नियम (७) बमोजिम आमन्त्रित व्यक्तिहरूलाई रू. १००।– र गुणस्तर सम्बन्धी समिति वा उप-समितिका सदस्यहरू तथा आमन्त्रित व्यक्तिहरूलाई रू. ६०।– बैठकमा भाग लिए बापत बैठक भत्ता दिइनेछ ।

(९) परिषद्को बैठकमा अपनाइने अन्य कार्यविधि परिषद्ले निर्धारण गर्नेछ ।

४. गुणस्तर निर्धारणः (१) परिषद्ले दिएको नीति र तोकेको कार्यविधिभित्र रही कार्यालयले विभिन्न पदार्थ वा प्रक्रियाको गुणस्तर तयार गर्नेछ ।

(२) उप-नियम (१) बमोजिम कार्यालयले तयार गरेको गुणस्तर परिषद्द्वारा अनुमोदन भएपछि परिषद्ले निर्धारण गरेको मानिनेछ ।

५. नेपाल गुणस्तरको रूपमा मान्यता प्रदान गर्नेः परिषद्ले कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा कुनै स्वदेशी वा विदेशी संस्थाद्वारा तोकिएको गुणस्तरलाई केही परिवर्तन गरी वा नगरी नेपाल गुणस्तरको रूपमा मान्यता प्रदान गर्न सक्नेछ ।

६. गुणस्तरको प्रकाशन बिक्री वितरणः (१) कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा परिषद्द्वारा निर्धारण गरेको वा मान्यता प्राप्त गुणस्तर र तत्सम्बन्धी आवश्यक विवरण कार्यालयले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी बिक्री वितरण समेत गर्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम प्रकाशित गुणस्तरलाई परिषद्ले संशोधन वा रद्द गरेमा त्यसको सूचना पनि कार्यालयले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नेछ ।

२०४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. इजाजतपत्र वा प्रमाणपत्र लिनु पर्नेः (१) कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा गुणस्तर प्रमाण-चिह्न प्रयोग गर्न चाहने उत्पादक, निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्तिले अनुसूची–१ बमोजिमको ढाँचामा इजाजतपत्रको लागि कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा गुणस्तर प्रमाणपत्र लिन चाहने, उत्पादक, निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्तिले अनुसूची –२ बमोजिमको ढाँचामा प्रमाणपत्रको लागि कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

८. प्रारम्भिक जाँचबुझः (१) इजाजतपत्र वा प्रमाणपत्रको लागि दरखास्त परेपछि कार्यालयले देहायका कुराहरूको प्रारम्भिक जाँचबुझ गर्न लगाउन सक्नेछः–

(क) दरखास्तवालाले दरखास्तमा उल्लेख गरेको पदार्थ वा प्रक्रिया नेपाल गुणस्तर अनुरूप छ, छैन,

(ख) गुणस्तर प्रमाण-चिह्न अङ्कित गरिने पदार्थको गुणस्तर नेपाल गुणस्तर अनुरूप कायम राख्न नियमित गुण-नियन्त्रण एवं गुण-परीक्षणको प्रबन्ध दरखास्तवालाले गरेको छ, छैन र

(ग) खण्ड (क) र (ख) मा लेखिएको कुराहरूको जाँचबुझ गरी प्रतिवेदन दिनको लागि उत्पादन गरिने ठाउँ, कार्यशाला, परीक्षणशाला वा गोदाम इत्यादिको निरीक्षण गर्न सुलभ हुने किसिमको सुविधा वा साधनको व्यवस्था दरखास्तवालाले गरेको छ, छैन ।

(२) प्रारम्भिक जाँचको लागि आवश्यकता अनुसार दरखास्तवालाले सम्बन्धित पदार्थको नमूना तथा विवरण उपलब्ध गराउनु पर्नेछ र सो नमूनाहरूको परीक्षण गर्दा लाग्ने सम्पूर्ण खर्च समेत व्यहोर्नु पर्नेछ ।

(३) प्रारम्भिक जाँचबुझको आधारमा कार्यालयले सम्बन्धित पदार्थको सम्बन्धमा दरखास्तवालाले प्रबन्ध गरेको गुण-नियन्त्रण एवं गुण-परीक्षणको व्यवस्थामा वा उत्पादन प्रक्रियामा आवश्यक संशोधन गर्न लगाउन सक्नेछ ।

९. इजाजतपत्र वा प्रमाणपत्र दिनेः (१) प्रारम्भिक जाँचबुझ गरी सकेपछि कार्यालयले दरखास्तवालालाई सम्बन्धित पदार्थ वा प्रक्रियाको सम्बन्धमा गुणस्तर प्रमाण-चिह्न प्रयोग गर्न पाउने गरी अनुसूची–३ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

(२) गुणस्तर प्रमाण-चिह्न प्रयोग गर्न व्यावहारिक नहुने पदार्थ वा प्रक्रियाको सम्बन्धमा कार्यालयले परिषद्द्वारा तोकिएको ढाँचामा गुणस्तर प्रमाणपत्र दिन सक्नेछ ।

(३) इजाजतपत्र वा प्रमाणपत्रको दस्तूर परिषद्ले तोके बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. कबूलियत वा मञ्जूरनामा गराउन सकिनेः कार्यालयले इजाजतपत्र वा प्रमाणपत्र दिंदा दरखास्तवालालाई निजले सम्बन्धित पदार्थ वा प्रक्रियाको सम्बन्धमा गुणस्तर प्रमाण-चिह्न वा प्रमाणपत्र प्रयोग गर्दा पालन गर्नु पर्ने शर्तहरू तोकी कबूलियत वा मञ्जूरनामा गराउन सक्नेछ ।

११. कार्यालयले आदेश दिन सकिनेः परिषद्ले कुनै गुणस्तरलाई संशोधन वा रद्द गरेमा कार्यालयले इजाजतपत्रवालालाई देहायबमोजिम आदेश दिन सक्नेछः–

(क) संशोधित गुणस्तर अनुरूप सम्बन्धित पदार्थको गुण-नियन्त्रण र परीक्षणको व्यवस्थामा वा उत्पादन प्रक्रियामा आवश्यक संशोधन गर्ने, वा

(ख) सम्बन्धित पदार्थ वा प्रक्रियाको सम्बन्धमा गुणस्तर प्रमाण-चिह्न वा प्रमाणपत्र प्रयोग नगर्ने ।

१२. इजाजतपत्र वा प्रमाणपत्रको अवधि र नवीकरणः (१) इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ ।

(२) प्रमाणपत्रको अवधि प्रमाणपत्रमा तोकिए बमोजिम हुनेछ र त्यसको नवीकरण हुनेछैन ।

(३) इजाजतपत्रवालाले आफ्नो इजाजतपत्रको अवधि समाप्त हुनु भन्दा अगावै परिषद्ले तोके बमोजिमको नवीकरण दस्तूर सहित इजाजतपत्र नवीकरणको लागि कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(४) उप-नियम (३) बमोजिमको दरखास्त प्राप्त भएपछि कार्यालयले प्रत्येक पटक बढीमा तीन वर्षको लागि मान्य हुने गरी इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ ।

(५) म्यादभित्र नवीकरण नगराएको इजाजतपत्र स्वतः रद्द भएको मानिनेछ ।

१३. निरीक्षकको परिचयपत्रः (१) ऐनको दफा १२ बमोजिम नियुक्त गरिएको वा तोकिएको निरीक्षकलाई कार्यालयले अनुसूची–४ बमोजिमको ढाँचामा निरीक्षकको परिचयपत्र दिनु पर्नेछ ।

(२) निरीक्षकले आफ्नो परिचयपत्र सधैं साथमा राख्नु पर्नेछ र आफ्नो कर्तव्य पालनको सिलसिलामा जाँचबुझ वा निरीक्षण गर्न गएको बखत दरखास्तवाला वा इजाजलपत्रवालाले हेर्न मागेमा देखाउनु पर्नेछ ।

१४. जाँचबुझ वा निरीक्षण गर्दा अपनाउनु पर्ने विधिः (१) कुनै पदार्थ वा प्रक्रियाको गुणस्तर सम्बन्धी जाँचबुझ वा निरीक्षण गर्न जाँदा सम्बन्धित पदार्थ उत्पादन गरिने ठाउँ, कार्यशाला वा गुण-नियन्त्रण एवं परीक्षण गरिने ठाउँ वा त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदार्थ वा त्यस्तो पदार्थ सम्बन्धी कोरा वा तयारी माल राखिने गोदाम आदिमा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्नु भन्दा अगावै निरीक्षकले दरखास्तवाला वा इजाजतपत्रवालालाई आफूले जाँचबुझ वा निरीक्षण गर्न चाहेको कुराको जानकारी दिनु पर्नेछ ।

(२) निरीक्षकले जाँचबुझ वा निरीक्षणको सिलसिलामा गुणस्तर प्रमाण-चिह्न वा प्रमाणपत्र प्रयोग गरिएको कुनै पदार्थ वा त्यस पदार्थ सम्बन्धी कोरा वा तयारी माल इत्यादिको नमूना लिंदा दरखास्तवाला वा इजाजतपत्रवालाको उपस्थितिमा लिनु पर्नेछ ।

(३) निरीक्षकले दरखास्तवाला वा इजाजतपत्रवालालाई उप-नियम (२) बमोजिम नमूना लिएको पदार्थको नाम, परिमाण र अवस्था समेत खुलाई त्यसको रसीद दिनु पर्नेछ ।

(४) निरीक्षकले परिषद्द्वारा मान्यता प्राप्त सरकारी वा गैरसरकारी प्रयोगशालाबाट उप-नियम (२) बमोजिम नमूना लिएको पदार्थको गुणस्तर परीक्षण गराउन सक्नेछ ।

(५) निरीक्षकले आफूले गरेको जाँचबुझ वा निरीक्षणको नतीजा र कुनै सुझाव भए सो समेत प्रष्ट खुलाई कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ ।

१५. <u>प्रयोगशालाको अभिलेखः</u> कुनै पदार्थ र त्यसको उत्पादन प्रक्रियाको आवश्यक जाँचबुझ वा परीक्षणको लागि परिषद्बाट मान्यता प्राप्त सरकारी वा गैरसरकारी प्रयोगशालाहरूको नामावली सहितको अभिलेख कार्यालयले राख्नु पर्नेछ ।

१६. <u>इजाजतपत्र वा प्रमाणपत्र स्थगित वा रद्द गर्नेः</u> (१) यो नियमावली बमोजिम दिइएको इजाजतपत्र वा प्रमाणपत्र देहायका अवस्थामा कार्यालयले स्थगित वा रद्द गर्न सक्नेछः–

(क) इजाजतपत्रवालाले उत्पादित, निर्मित वा अङ्किकृत पदार्थ वा प्रक्रिया नेपाल गुणस्तर अनुरूप नभएमा,

(ख) इजाजतपत्रवालाले नेपाल गुणस्तरमा निर्दिष्ट विधिहरू नअपनाई कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा गुणस्तर प्रमाण-चिह्न वा प्रमाण-पत्र प्रयोग गरेमा,

(ग) इजाजतपत्रवालाले ऐन वा यो नियमावलीको प्रतिकूल काम कारवाही गरेमा वा कार्यालयले दिएको आदेश नमानेमा, वा

(घ) इजाजतपत्रवालाले इजाजतपत्र, प्रमाणपत्र वा कबूलियत वा मञ्जूरनामामा तोकिएको शर्तहरू पालना नगरेमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) इजाजतपत्र वा प्रमाणपत्र स्थगित वा रद्द गर्नु भन्दा अगावै इजाजतपत्रवालालाई आफ्नो स्पष्टीकरण पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ । इजाजतपत्रवालाले म्यादभित्र स्पष्टीकरण पेश गरेमा त्यस्तो स्पष्टीकरणमा समेत विचार गरी कार्यालयले इजाजतपत्र वा प्रमाणपत्र स्थगित वा रद्द गर्ने नगर्ने कुराको अन्तिम निर्णय गर्नेछ ।

(३) उप-नियम (२) बमोजिम इजाजतपत्र वा प्रमाणपत्र स्थगित भएको अवस्थामा सम्बन्धित पदार्थ वा प्रक्रियाको सम्बन्धमा इजाजतपत्रवालाले गुणस्तर प्रमाण-चिह्न वा प्रमाणपत्र प्रयोग गर्न पाउनेछैन ।

१७. अनुसूचीमा हेरफेर गर्ने अधिकारः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

२८०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १

(नियम ७ (१) संग सम्बन्धित)

नेपाल गुणस्तर प्रमाण-चिह्न प्रयोग गर्ने इजाजतपत्रको निमित्त

दरखास्त

नेपाल गुणस्तर कार्यालय,
... ... ... ... ... ... ...
काठमाडौं, नेपाल।

महाशय,

... ... ... ... ... ... ... (ठाउँ) मा ... ... ... ... को नामले उद्योग व्यवसाय गर्ने म। हामी नेपाल गुणस्तर (प्रमाण-चिह्न) ऐन, २०३७ अन्तर्गत गुणस्तर प्रमाण-चिह्न प्रयोग गर्न इजाजतपत्रको लागि निवेदन गर्दछु। छौं।

१. मैले। हामीले तयार गर्ने पदार्थ। प्रक्रिया (प्रोसेस) को विवरण तथा सम्बन्धित गुणस्तरहरू निम्न लेखिए बमोजिमका छन्:–

(क) विवरण:–

पदार्थ। प्रक्रिया :
पदार्थको नाम :
पदार्थको किसिम :
पदार्थको नाम परिमाण:
पदार्थको ग्रेड :

(ख) प्रक्रियाको विवरण:

... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ...

२. सम्बन्धित गुणस्तरहरू:

(क) नेगुण ... ... ... शीर्षक ... ... ...
(ख) " ... ... ... " ... ... ...

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. उपरोक्त पदार्थको । प्रक्रियाको उत्पादन सम्बन्धी आँकडाहरू निम्नलिखित प्रकारका छन्:–

गत वर्ष २० ... ..... ... देखि २० ... ...... .. सम्मको
पदार्थ । प्रक्रियाको उत्पादन ... ... ... ... ... (इकाईमा)
पदार्थ । प्रक्रियाको उत्पादन ... .. ...... .. (मूल्य रू. मा)

४. उक्त पदार्थ । प्रक्रिया सम्बन्धित गुणस्तर बमोजिमको छ भनी निश्चित गर्नः–

हाल मेरो । हाम्रो निरीक्षण वा परीक्षण आयोजना (स्किम) केही छैन तर आवश्यक परेमा कार्यालयले सिफारिश गरे अनुसार निरीक्षण वा परीक्षणको आयोजना कार्यान्वयन गर्न तयार छु । छौं ।

कार्यालय रहेको ठाउँः– ... ... ....
कारखाना रहेको ठाउँः– ... ... ... ... ..

दरखास्त दिनेको सहीः– ... ... ... ..... मितिः– ... ... ...
नामः– .... ..... ....
दर्जाः– .. .... ... ... ..
निजले प्रतिनिधित्व गरेको उद्योग वा संस्थाको नाउँ :– .. ...... ...

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – २

(नियम ७ (२) सँग सम्बन्धित)

नेपाल गुणस्तर प्रमाणपत्रको निमित्त दरखास्त

नेपाल गुणस्तर कार्यालय,

... ... .... ... .... ....

काठमाडौं, नेपाल ।

महाशय,

............ ... ... (ठाउँ) मा ... ... ... ... .... को नामले निम्न बमोजिमको पदार्थ । प्रक्रिया (प्रोसेस) सम्बन्धी व्यवसाय गर्ने म । हामी नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ अन्तर्गत निम्न बमोजिमको विवरणको पदार्थ । प्रक्रियाको लागि गुणस्तर प्रमाणपत्रको लागि निवेदन गर्दछु । गर्दछौं ।

१. मैले । हामीले कारोबार गर्ने पदार्थ । प्रक्रियाको विवरण निम्न प्रकारको छः–

(क) विवरणः–

पदार्थको नामः

किसिम :

नाप परिमाणः

ग्रेड :

तौल :

(ख) प्रक्रियाको विवरणः–

... ... ... ... ... ... ... ... ... ....

... ... ... .... ... ... ... ... ... ...

२. सम्बन्धित गुणस्तरहरू सम्बन्धी विवरणः

३. उपरोक्त पदार्थको । प्रक्रियाको उत्पादन । कारोबार सम्बन्धी अङ्कडाहरू निम्नलिखित बमोजिम छन्ः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

गत वर्ष २० ... ... ... देखि २० ... ... ... ... ... सम्म

पदार्थको । प्रक्रियाको उत्पादन ... ... ... ... (इकाईमा)

पदार्थको । प्रक्रियाको उत्पादन ... ... ... ... ... (मूल्य रू. मा)

४. उक्त पदार्थ । प्रक्रिया सम्बन्धित गुणस्तर बमोजिमको छ भनी निश्चित गर्नः–
हाल मेरो । हाम्रो निरीक्षण वा परीक्षण आयोजना (स्किम) केही छैन तर आवश्यक परेमा कार्यालयले सिफारिश गरे अनुसार निरीक्षण वा परीक्षणको आयोजना कार्यान्वयन गर्न तयार छु । छौं ।

कार्यालय रहेको ठाउँः– ... ... ... ...

कारखाना रहेको ठाउँः– ... ... ... ...

दरखास्त दिनेको सहीः– ... ... ... ... मिति :– ... ... ... ...

नामः– ... ... ...

दर्जाः– ... ... ...

निजले प्रतिनिधित्व गरेको उद्योग वा संस्थाको नाउँ ... ... ... ... ... ...

2E8

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ३

(नियम ९ (१) संग सम्बन्धित)

### नेपाल गुणस्तर प्रमाण-चिन्ह प्रयोग गर्नको लागि इजाजतपत्र

इजाजतपत्र संख्याः– मितिः–
दरखास्तको रिफरेन्सः– मितिः–

१. नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ को दफा ५ को उप-दफा (२) को खण्ड (क) बमोजिम आफूले प्राप्त गरेको अधिकार प्रयोग गरी ... .... (ठाउँ)का ...........लाई मिति ........ देखि लागू हुने गरी तालिका (क) मा उल्लेखित पदार्थ। प्रक्रियाको सम्बन्धमा सोही तालिकामा उल्लिखित गुणस्तर प्रमाण-चिन्ह प्रयोग गर्न इजाजत प्रदान गरिएको छ।

२. इजाजतपत्रवालाले देहायका शर्तहरू पालना गर्नु पर्नेछः–

(क) इजाजतपत्रवालाले तालिका बमोजिम नियमित रूपले प्रमाण-चिन्ह शुल्क बुझाउनु पर्नेछ।

(ख) इजाजतपत्रवालाले कार्यालयले समय समयमा निर्दिष्ट गरेको निरीक्षण वा परीक्षण आयोजना अपनाउनु पर्नेछ।

३. यो इजाजतपत्रको बहाली अवधि मिति .... .... देखि ........ सम्म रहनेछ।

सहीः–
नामः–
दर्जाः–
निमित्त नेपाल गुणस्तर कार्यालय

### तालिका (क)

अङ्कित गरिने गुणस्तर प्रमाण-चिन्हको नाप, परिमाण, ढाँचा इत्यादि सम्बन्धी

विवरण

| प्रमाण चिन्हको नमूना छाप | पदार्थ | प्रक्रिया | नेपाल गुणस्तर संख्या शीर्षक |
|---|---|---|---|
| | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

## तालिका (ख)

### शुल्क तथा शुल्क बुझाउने विधि सम्बन्धी विवरण

इजाजतपत्र संख्या:– .......

| पदार्थ | प्रक्रिया | प्रमाण-चिन्ह शुल्क दर | शुल्क तिर्ने विधि | | | |
|---|---|---|---|---|---|---|
| | | | मासिक | त्रैमासिक | अर्ध वार्षिक | वार्षिक |
| | | | | | | |

२८६०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनसूची–४

(नियम १३ (१) संग सम्बन्धित)

निरीक्षक परिचयपत्र नं.:– मितिः–

निम्न विवरणवालालाई नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ बमोजिम निरीक्षक भै कामकाज गर्नको निमित्त यो परिचयपत्र प्रदान गरिएको छ

नाम थरः– | फोटो

पदः–

ठेगानाः–

स्थाईः–

(पञ्चायत वडा समेत)

अस्थाईः–

दस्तखत नमूनाः–

| काम गर्ने क्षेत्र | मितिदेखि मितिसम्म | परिचयपत्र दिनेको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

मुद्रण विभाग, सिंहदरबार

२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।